मा. विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

# नेपाल सरकार

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## ईद (इदुल फित्र) पर्व, २०७७ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरुको महान पर्व ईद (इदुल फित्र) को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका बागमती प्रदेशवासी एवं समस्त नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धी, सुस्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ईद (इदुल फित्र) पर्वलाई मुस्लिम समुदायले आपसी रिस, राग र द्वेषलाई बिर्षेर आपसमा खुशी साटासाट गर्दै शुभकामना आदान प्रदान गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ । यस पर्वले बिश्वका विभिन्न स्थानमा छरिएर रहेका प्रदेशवासी एवं नेपालीहरुको धार्मिक तथा सांस्कृतिक विविधता बीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व एवं पारस्परिक सहयोगलाई थप प्रगाढ तुल्याउन प्रेरित गर्ने महसुस गरेको छु। यस पर्वले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्बर्द्धन र विकास गर्न टेवा पुऱ्याउने अपेक्षा समेत लिएको छु ।

अन्त्यमा, विश्वव्यापी महामारीको रुपमा फैलिएको नोवेल कोरोनाभाइरस (कोभिड-१९) को महामारीको संक्रमण तर्फ सजग रही सुरक्षित तवरले यो पर्व मनाउन सबैमा अपिल गर्दै यस पर्वले हामी सबैमा भातृत्व, शान्ति र सामाजिक सहिष्णुताको लागि थप प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद !**
**मिति २०७७ जेष्ठ १२ गते सोमबार**




**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**